पुतलीबजार नगरकार्यपालिका
नगर कार्यपालिकाको कार्यालय

# पुतलीबजार नगरपालिका

## नगरकार्यपालिका वैठक

मिति २०८०।०८।२६

**वैठकका प्रस्तावहरुः**

१. गत वैठकका निर्णय कार्यान्वयको समीक्षा सम्वन्धमा ।

२. आन्तरिक आय संकलन तथा आय ठेक्का व्यवस्थापन कार्यविधि २०८० स्वीकृती सम्वन्धमा ।

३. कृषि यान्त्रिकरण अनुदान मापदण्ड २०८० स्वीकृति सम्वन्धमा ।

४. साना सिंचाई प्रवर्दन कार्यक्रम सञ्चालन मापदण्ड सम्वन्धमा ।

५. मर्मत सम्भार कोष व्यवस्थापन समितिका निर्णय अनुमोदन सम्वन्धमा ।

६. सुरक्षित नागरिक आवास कार्याक्रमका लाभग्राहीको पेश्की फर्छौट तथा भुक्तानी सम्वन्धमा ।

७. कार्यालय सहयोगीहरुको नियुक्ती सम्वन्धमा ।

८. गरिवसंग विश्वेश्वर कार्यक्रम तर्फका योजना स्वीकृत सम्वन्धमा ।

९. योजना संशोधन सम्वन्धमा ।

१०. हङ्कङ् पार्क (पुतलीबजार १ टुडीखेल) संरक्षण सम्वन्धमा ।

११. चौधौं नगरसभा सम्वन्धमा ।

**निर्णय नं.१**

प्रस्ताव नं १ अनुसार नगरकार्यापालिकाको गत मिति २०८० मंसीर गतेको वैठकवाट भएका निर्णयको कार्यान्वयनको अवस्थाको वारेमा छलफल गरियो । निर्णय कार्यान्वयनमा थप प्रभावकारिताका साथ कार्य गर्ने निर्णय गरियो ।

**निर्णय नं २**

प्रस्ताव नं २ अनुसार नगरपालिकाको आन्तरिक आय संकलन कार्यलाई थप व्यवस्थित गर्न कार्यविधि तयार गर्न आवश्यक रहेको भनी राजश्व शाखावाट तयार भई विधायन समितिमा छलफल गरी स्वीकृतिका लागि पेश भएको आन्तरिक आय संकलन तथा आय ठेक्का व्यवस्थापन कार्यविधि २०८० स्वीकृत गर्ने निर्णय गरियो ।

**निर्णय नं ३**

प्रस्ताव नं ३ अनुसार तेह्रौ नगरसभावाट स्वीकृत कृषिमा यान्त्रिकरण अनुदान कार्यक्रमलाई व्यवस्थित र पारदर्शी रुपमा कार्यान्वयन गर्न मापदण्ड तयार गर्न आवश्यकरहेको भनी कृषि शाखावाट तयार भई विधायन समितिमा छलफल गरी स्वीकृतिका लागि पेश भएको कृषिमा यान्त्रिकरण अनुदान मापदण्ड २०८० स्वीकृत गर्ने निर्णय गरियो ।

**निर्णय नं ४**

प्रस्ताव नं ४ अनुसार चालु आर्थिक वर्षमा शसर्त अनुदान तर्फ स्वीकृत साना सिंचाई कार्यक्रमलाई व्यवस्थित र पारदर्शी रुपमा कार्यान्वयन गर्न मापदण्ड तयार गर्न आवश्यकरहेको भनी कृषि शाखावाट तयार भई विधायन समितिमा छलफल गरी स्वीकृतिका लागि पेश भएको साना सिंचाई प्रवर्दन कार्यक्रम सञ्चालन मापदण्ड २०८० स्वीकृत गर्ने निर्णय गरियो ।

२०८०-८-२६
प्रमुख प्रशासकीय अधिकृत

तुलसी राम रेग्मी
नगर प्रमुख

**निर्णय नं ५**

प्रस्ताव नं ५ माथि छलफल गर्दा मर्मत सम्भारकोष व्यवस्थापन समितिले कार्यविधि अनुसार मर्मत सम्भारका लागि माग भएका मध्ये आवश्यक देखिएका र लागत अनुमान सहित पेश भएका योजनाहरुमा रकम विनियोजन गर्ने गरि गरेको निर्णयलाई अनुमोदन गर्ने निर्णय गरियो

**निर्णय नं ६**

प्रस्ताव नं ६ अनुसार सुरक्षित नागरिक आवास कार्यक्रम अन्तरगत खरको छाना विस्थापित कार्यक्रमका लागि गत विगत वर्षमा छनौट भएका १०६ जना प्रथम सुचि र २१ जना वैकल्पीक सूचिमा रहेका लाभग्राही मध्ये प्रथम किस्ता पेश्की लगि फर्छौट नगरेका लाभग्राहीलाई कार्यसम्पन्न गरी पेश्की फर्छौट गर्न ताकेता गरी पेश्की फर्छौट तथा वांकी भुक्तानी दिने तथा सम्झौता गर्न वांकी रहेका प्रथम सुचि तथा वैकल्पीक सूचीमा रहेका लाभग्राहीलाई क्रमश सम्झौताका लागि सूचना गरी कार्यान्वयन गर्ने । सूचना गर्दापनि सम्झौताका लागि सम्पर्कमा नआएमा लाभग्राही सूचीवाट हटाई नयाँ लाभग्राही सूची छनौटको प्रकृया अगाडी बढाउने निर्णय गरियो ।

**निर्णय नं ७**

प्रस्ताव नं ७ मा छलफल गर्दा कार्यालयको स्वीकृत दरवन्दी अनुसारका कार्यालय सहयोगी पद संख्या मध्ये रिक्त रहेका ११ जना कार्यालय सहयोगी पदमा सेवा करारकालागि खुला प्रतिस्पर्धाको माध्यमवाट छनौट भएका उम्मेदवारहरु संग ६ महिनाको लागि सेवा करार गरि रिक्त स्थानमा नियुक्त गर्न कार्यालयलाई अनुमति प्रदान गर्ने निर्णय गरियो ।

**निर्णय नं ८**

प्रस्ताव नं ८ मा छलफल गर्दा यस नगरपालिकाको वडा नं ५ मा विगतदेखिनै गरिवसंग विश्वेश्वेर कार्यक्रम सञ्चालनमा रहेको र चालु आर्थिक वर्ष २०८०/८१ को लागि गरिवसंग विश्वेश्वर कार्यक्रम तर्फ प्राप्त अख्तियारी अनुसार वडा नं ५ कार्यालयवाट उक्त कार्यक्रम कार्यान्वयन गर्नको लागि पेश भएका निम्नाअनुसार वार्षिक कार्यक्रम स्वीकृतगर्ने निर्णय गरियो ।

| क्र.स. | कार्यक्रमको नाम | विनियोजित रकम | कैफियत |
|---|---|---|---|
| १ | कर्मचारी तलब / प्रोत्साहन | १५००००। | |
| २ | कर्मचारी पोशाक | १००००। | |
| ३ | मसलन्द / वैठक खाजा | १००००। | |
| ४ | बन्दी कुना कुवा मर्मत | ३००००। | |
| ५ | दमौराबोट कुवा मर्मत तथा पाइप खरिद | ३००००। | |
| ६ | खादखोला सिँचाई कुलो मर्मत | ४००००। | |
| ७ | सुरौदी डिपीङ ट्याङ्क निर्माण | २००००। | |
| ८ | शेरजङ्ग सिंहको घरसम्म जाने गोरेटो वाटो | २५०००। | |
| ९ | सार्वजनिक शौचालय देखी ग्रउण्डसम्म जाने गोरेटो वाटो | २५०००। | |

तुलसी राम रेग्मी
नगर प्रमुख

**निर्णय नं ९**

प्रस्ताव नं ९ मा छलफल गर्दा तेह्रौ नगरसभावाट पारित योजना मध्ये वडा नं ८ को धोवादी देखी थाम जाने गोरेटो बाटो निर्माण योजनाको नाम धोवादी देखी धारापानी गोरेटो वाटो निर्माण कायम हुनपर्ने भनी सुधारको लागि वडा कार्यालयको प्रस्ताव प्राप्त भएकोले योजनाको नाम सुधार गरी कार्यान्वयन गर्ने निर्णय गरियो ।

**निर्णय नं १०**

प्रस्ताव नं १० मा छलफल गर्दा स्याङ्जा जनसेवा समिति हङ्कङ्ले पुतलीबजार नगरपालिका १ वालमन्दिर अगाडी टुडिखेलमा हङ्कङ् पार्क निर्माण गरी व्यवस्थापनको लागि नगरपालिकामा हस्तान्तरण गरिसकेकोले उक्त पार्क संरक्षणको लागि एकजना हेरालोको सेवा परामर्श लिने र उक्त कार्यको लागि परामर्श शिर्षकवाट ४८०००। खर्च गर्ने र सोको लागि पुतलीबजार १ निवासी शान्तिमान श्रेष्ठ संग सेवा करार गर्ने निर्णय गरियो ।

**निर्णय नं ११**

प्रस्ताव नं ११ मा छलफल गर्दा यस नगरपालिका क्षेत्रभित्र ढुंगा गिटी वालुवा उत्खनन तथा विक्रिको लागि आँधीखोलाका वल्र्याङ्ग वेलवास हेलु दर्दौं आँधिदोभान सम्मको नाकामा ठेक्का व्यवस्थापन गर्न तेश्रो पटक सम्म वोलपत्र आव्हान गरी सूचना प्रकाशन हुँदा सम्म कुनै वोलपत्र पेश हुन आएन । तत् पश्चात गण्डकी प्रदेश आर्थिक ऐन २०८० अनुसार दररेट संशोधन गरी पून वोलपत्र आव्हान गर्दा समेत कुनै पनि वोलपत्र पेश हुन नआएपछि सुचिकृत फर्मवाट वढावढमा दरभाउपत्र पेश गर्न लगाउदा पर्न आएक तीन वटा दरभाउपत्र मध्ये अंगेर भंगेर निर्माण सेवा अर्जुनचौपारी ६ को दरभाउपत्र स्वीकृत भएको र सो फर्मलाई निजले पेश गरेको कुल अंकको २५ प्रतिशत वरावरको रकम नगद र वाँकी ७५ प्रतिशत रकम बराबरको वैक ग्यारेन्टी लिई सम्झौता गर्ने निर्णय गरियो ।

**निर्णय नं १२**

प्रस्ताव नं १२ मा छलफल गर्दा यस नगरपालिकाको १४ औं नगर सभा यहि मिति २०८० साल पौष २२ गते आइतवार का दिन गर्ने र उक्त सभाको लागि आवश्यक तयारी गर्न कार्यालयलाई निर्देशन दिने निर्णय गरियो ।

२०८०-८-२३
निर्णय प्रमाणिकरण
हरिराम नागिला
प्रमुख प्रशासकीय अधिकृत

तुलसी राम रेग्मी
नगर प्रमुख